# श्री ललितपुर जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त जारी भएको जिन्सीका सामानहरु लिलाम विक्री गर्ने बारेको अत्यन्त जरुरी सुचना

## सूचना प्रकाशित मिति २०७३।९।५

यस अदालतमा विभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतको जिन्सीमा आम्दानी वाँधीएका विभिन्न माल सामानहरु यस अदालतको मिति २०७३।९।३ को निर्णय अनुसार जे जस्तो अवस्थामा छन् सोही अवस्थामा मिति **२०७३।९।२१** गते डाक बढावढ द्वारा लिलाम विक्रि गरिने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिलामहुने सामानको विवरण :- यस अदालतको जिन्सिमा आम्दानी वाँधिएका विभिन्न सामानहरु ।

१.लिलाम हुने

(क) स्थान :- ललितपुर जिल्ला अदालत

(ख) मिति :- **२०७३।९।२१** गते विहिवार सो दिन सार्वजनिक विदा परे सोको भोलि पल्ट ।

(ग) समय :- दिनको ३ वजे देखि ४ वजे सम्म ।

२. डाक वढावढमा सहभागि हुन चाहने व्यक्ती वा संस्थाले नेपाली नागरिकताको प्रमाण पत्र र संस्था भए कर चुक्ताको प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत राखी डाक लिलाम हुने दिनको अघिल्लो दिन निवेदन दस्तुर रु.१०००।- (फिर्ता नहुने गरी) तिरी कार्यालय समय सम्ममा यस अदालतको तहसिल शाखामा निवेदन दर्ता गराउनु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्तीहरु र फर्महरुले मात्र उपरोक्त मिति र समयमा सम्पन्न हुने लिलाममा सहभागि हुन पाउने छन् । निवेदन दर्ता गराई उक्त मिति र समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. लिलाम हुने सम्पूर्ण सामानको एकमुष्ट डाक बोल्नु पर्ने छ । पृथक पृथक सामानको लागि पृथक पृथक डाक वोल्न पाईने छैन ।

५. लिलाममा आफुले कवोल गरेको रकमको १० प्रतिशतले हुने रकम तत्कालै नगदै धरौटी राख्नु पर्ने छ ।

६. डाक सकार गरी लिनेले ७ दिन भित्र वाँकी रकम दाखिला गरी रकम दाखिला गरेको ५ दिन भित्रमा सामान उठाई लैजानु पर्ने छ । ७ दिन भित्र वोल कवोल अंकको वाँकी रकम दाखिला नगरेमा धरौटी राखेको १०% रकम समेत कानून बमोजिम जफत हुनेछ ।

७. लिलामहुने सामानहरु हेर्न चाहेमा अफिस खुलेको दिन यस अदालतको जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिने छ

८. लिलाम हुने सामानहरुको मुल्याङ्कन समिति द्वारा कायम एक मुष्ट मुल्य **रु.१३,१९,४५६।-** रहेको छ । उक्त सामानहरु फैसलाले फिर्ता पाउने भई लिलाम मिति सम्ममा फिर्ता भएमा फिर्ता भएका सामानहरुको मुल्य कटाई वाँकी सामानहरु लिलाम हुने छ ।

९. अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुने छ ।